आज मिति २०७८।९।२८ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मान्नधर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउकार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी तपशिलका निर्णयहरु गरियो ।

तपशिलः

| दस्तखत | पदाधिकारीको नाम ,थर | पद |
|---|---|---|
| | श्री खिमनारायण मान्नधर | गाउँपालिका अध्यक्ष |
| | श्री झनमाया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| | श्री भिमवहादुर भुजेल | वडाध्यक्ष वडा नं. १ |
| | श्री पर्शुराम सिग्देल | वडाध्यक्ष वडा नं. २ |
| | श्री लेखवहादुर क्षेत्री | वडाध्यक्ष वडा नं ३ |
| | श्री चिन्तामणि शर्मा | वडाध्यक्ष वडा नं ४ |
| | श्री डन्डवहादुर राना | वडाध्यक्ष वडा नं ५ |
| | श्री नरवहादुर थापा | वडाध्यक्ष वडा नं ६ |
| | श्री केशमाया थापा | वडाध्यक्ष वडा नं ७ |
| | श्री हिममाया थापा | कार्यपालिका सदस्य |
| | श्री उजेली नेपाली दर्जि | कार्यपालिका सदस्य |
| | श्री रेखा बिश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री धनमाया राना | कार्यपालिका सदस्य |
| | श्री महेन्द्र गोतामे | कार्यपालिका सदस्य |
| | श्री सुरज वहादुर नेपली | कार्यपालिका सदस्य |
| | श्री पर्शुराम उपाध्याय | सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

खिम नारायण मानन्धर
अध्यक्ष

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

खिम नारायण मानन्धर
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | महेश्वर अर्याल | हरिनास गाउपालिका कार्यालय |
| | इन्दिरा न्यौपाने | हरिनास गाउपालिका कार्यालय |
| | सन्दिप लम्साल | हरिनास गाउपालिका कार्यालय |

निर्णय नं १ स्थानिय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि २०७७ बमोजिम गत आ.ब. २०७७।०७८ को यस हरिनास गाउँपालिका कार्यालयको कार्यालयबाट स्वमुल्यांकन गर्दा ६५.५ नम्बर कायम हुन आएकोले सोही मूल्यांकनको नम्बरलाइ कायम गरी कार्यालयको Web Site मा प्रकाशन गर्ने समेत निर्णय गरियो ।

निर्णय नं.२ यस हरिनास गाउँपालिका कार्यालयमा पन्जिकरण शाखामा कार्यरत एम.आई.एस.अपरेटर र फिल्ड सहायक जना दुइको नपुग तलब भत्ता गाउपालिकाबाट ब्यहोर्ने गरी प्रतिबद्धता सहित गर्नु पर्नेमा कार्यालयको कामको चापको आधार हेर्दा उल्लेखित पदहरु कार्यालयमा आवश्यकता रहेको हुँदा राष्ट्रिय परिचय पत्र तथ पन्जिकरण विभागको मिति २०७८।९।२७ गतेको पत्रबाट माग भए बमोजिम प्रतिबद्धता जाहेर गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ३ बढदो क्रममा रहेको कोभिड-१९ रोगको रोकथाम र नियन्त्रणका लागी स्वास्थ्य मापदण्ड पुरा गरी कार्यालय संचालन गर्ने र सेवाग्राहीहरुलाइ पनि स्वास्थ्य मापदण्ड पुरा गरी सेवा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४ हरिनास गाउँपालिका र अन्तरगत कार्यालयहरुमा कार्यरत करार कर्मचारीहरुको म्याद थपका लागी गाउँसभामा पेश गरी गाउँसभाको निर्णय बमोजिम म्याद थपको प्रकृया मिलाउने निर्णय गरियो ।

निर्णय नं. ५ स्याङजा जिल्लामा राष्ट्रिय परिचय पत्र लागु हुने भनी जानकारी आएको र यस हरिनास गाउँपालिकामा पनि उक्त कार्यक्रम संचालन हुने भएकोले सम्पूर्ण गाउँपालिकाबासी नागरीकहरुलाइ राष्ट्रिय परिचय पत्रका लागी प्रचार गरी सबैलाइ सहभागी हुन अनुरोध गर्ने निर्णय गरियो ।

खिम नारायण मानन्धर
अध्यक्ष

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

CamScanner